नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

प्रेस विज्ञप्ति

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्याः

च.नं.:

नेपालको व्यापार नीतिको तेस्रो समीक्षाको पूर्वतयारी स्वरुप विश्व व्यापार संगठनबाट माग भई आएको विवरण तथा तथ्याङ्क तयार गर्न एवम् नेपालको राष्ट्रिय प्रतिवेदनको प्रारम्भिक खाका तयार गर्न यस मन्त्रालयले मिति २०८१ फाल्गुन २५ र २६ गते सरोकारवाला २५ वटा मन्त्रालय/विभाग/निकायको सक्रिय सहभागीतामा व्यापार नीति समीक्षा (Trade Policy Review, TPR) सम्बन्धी तयारी कार्यशाला गोष्ठी सम्पन्न गरेको छ। सन् २०१८ देखि हालसम्म समग्र व्यापार नीतिसँग सम्वन्धित नीतिगत, कानुनी, प्रक्रियागत एवम् संरचनागत सुधार एवम् परिवर्तनहरुको अध्ययन विश्लेषण गरी आवश्यक जानकारी, सूचना, तथ्यांक तथा सरकारको प्रतिवेदनको प्रारम्भिक रुपरेखा तयार गरिएको छ।

व्यापार नीति समीक्षा विश्व व्यापार संगठनबाट सदस्य राष्ट्रहरुको व्यापारसँग सम्बन्धित समग्र नीति, कानुन, प्रक्रियागत व्यवस्था तथा संस्थागत संरचनाको विश्लेषण गरी आवधिक रुपमा समीक्षा गरिने प्रावधान हो । यस क्रममा सदस्य राष्ट्रको तर्फबाट राष्ट्रिय प्रतिवेदन र विश्व व्यापार संगठनको सचिवालयबाट सचिवालयको प्रतिवेदन तयार भई विश्व व्यापार संगठनको सम्पूर्ण सदस्यको प्रतिनिधित्व हुने व्यापार नीति समीक्षा निकायमा छलफल हुने गर्दछ।

नेपालको व्यापार नीतिको पहिलो र दोस्रो समीक्षा क्रमशः सन् २०१२ र सन् २०१८ मा सम्पन्न भएको थियो। नेपालको व्यापार नीतिको तेस्रो समीक्षा सन् २०२५ नोभेम्बर १७ र १९ मा विश्व व्यापार संगठनको सचिवालयमा हुने तय भएको छ। उक्त समीक्षा नेपालले अंगिकार गरेको व्यापार नीति र कानुनी तथा संस्थागत व्यवस्थाको सम्वन्धमा विश्व व्यापार संगठनको सदस्यहरुलाई पारदर्शी रुपमा जानकारी गराई प्रत्यक्ष वैदेशिक लगानी एवम् वैदेशिक व्यापारको क्षेत्रमा भएका नीतिगत र कानुनी व्यवस्थाको प्रचार गर्ने एक महत्वपूर्ण अवसर हुनेछ। नेपालको व्यापार नीति समीक्षा प्रत्येक सात वर्षमा हुने हुँदा सन् २०२५ पछि अर्को सात वर्षसम्म उक्त समीक्षा प्रतिवेदनले नेपालको व्यापार नीतिको समग्र पक्षको प्रतिनिधित्व गदर्छ।

यस कार्यशालाबाट तयार गरिएको विवरणले नेपालको व्यापार नीतिको तेस्रो समीक्षाको तयारीको लागि महत्वपूर्ण योगदान पुग्ने यस मन्त्रालयको अपेक्षा रहेको छ।

मितिः २०८१/१२/०३

..............

(जितेन्द्र बस्नेत)

सहसचिव/प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९